समृद्ध 'खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०३/२१ बैठक संख्याः ४८

बैठक प्रारम्भ समयः दिनको २:०० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको आर्थिक विधेयक, २०८१ समावेश हुने गरी पेश भएको स्थानीय राजस्व परामर्श समितिको सिफारिस समावेश गरी उक्त सिफारिसबमोजिमका विषयहरु सहित आर्थिक विधेयक, २०८१ स्वीकृतिको लागि आगामी नगरसभाको बैठकमा पेश गर्ने।

२. यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुले नियमानुसार भरी पेश गरेको कार्यसम्पादन मूल्याङ्कन फारामहरु **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८** बमोजिम मूल्याङ्कनको लागि देहाय अनुसारको पुनरावलोकन समिति गठन गर्ने निर्णय गरियो।

**देहाय :**

प्रमुख प्रशासकीय अधिकृत श्री दीपकमणि घिमिरे - संयोजक

आ. ले. प. श्री गुणराज खत्री - पुनरावलोकनकर्ता

प्रशासकीय अधिकृत श्री लवहाङ राई - सुपरीवेक्षक

३. खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ मा सञ्चालन भएको दुबेचौर सातकुवा सडक स्तरोन्नती कार्यको भुक्तानी चालू आ. व. मा विनियोजन भएको विभिन्न योजनाहरुको लागि समपूरक कोष शीर्षकबाट खर्च गर्ने।

४. खाँदबारी नगरपालिकाको विनियोजन ऐन, २०८० मा भएको खर्च शीर्षक संशोधन सम्बन्धमा आर्थिक प्रशासन शाखाबाट पेश भएबमोजिम देहाय अनुसार संशोधन स्वीकृत गरी आगामी नगरसभाको बैठक समक्ष अनुमोदनको लागि पेश गर्ने।

**देहाय :**

**नगरकार्यपालिकाको वैठकबाट संशोधित गर्नुपर्ने:**

| संशोधन गरिने योजनाको नाम | संशोधन पश्चात् कायम हुने योजनाको नाम |
|---|---|
| वडा कार्यालयमुनि हुँदै बराजुथानमाथिबाट जाने सिंचाई कूलो निर्माण रु. १,००,०००।- | रुम्टीखेत सिरान कमेरेखोल्सी मूहान कूलो निर्माण रु. १,००,०००।- |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७५, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०३/२१ बैठक संख्या: ४८

बैठक प्रारम्भ समय: दिनको २:०० बजे बैठक समापन समय: बजे

५. खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ को लागि सुरक्षित नागरिक आवास कार्यक्रम शीर्षकमा प्राप्त बजेटबाट खर्च हुने गरी वडा कार्यालयबाट भएको सम्झौतासहित कार्यसम्पन्न गरी प्राविधिक मूल्याङ्कनसाथ सिफारिस भएका देहाय अनुसार लाभग्राहीहरुलाई नियमानुसारको रकम एकमुष्ट उपलब्ध गराउने ।

**देहाय :**

क. श्री धनकुमारी विश्वकर्मा, खाँदबारी नगरपालिका वडा नं. ८

ख. श्री दलबहादुर विश्वकर्मा, खाँदबारी नगरपालिका वडा नं. ८

ग. श्री लालबहादुर राई, खाँदबारी नगरपालिका वडा नं. ११

६. खाँदबारी नगरपालिकाको लागि आ. व. २०८०/८१ मा संघीय सशर्त अनुदान अन्तर्गत शीर्षकमा प्राप्त बजेटबाट खाँदबारी नगरपालिका वडा नं. ६ र वडा नं. ११ को वडा कार्यालयमा विद्युतको बैकल्पिक व्यवस्थाको लागि सौर्य उर्जा प्रविधि जडान गर्ने कार्यमा खर्च गर्ने ।

७. खाँदबारी नगरक्षेत्रभित्रमा हाल फैलिदै गईरहेको रेविज रोग नियन्त्रणको लागि भ्याक्सिनेसन कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले तत्काल आवश्यक बजेट व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्ने ।

८. खाँदबारी नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को दफा ६ बमोजिम नगरस्तरीय गुनासो समाधान समन्वय समितिमा नगरप्रमुखले तोकेको कम्तिमा एक जना महिला सहित दुई जना कार्यपालिका सदस्यमा देहाय अनुसार मनोनयन गर्ने ।

**देहाय :**

कार्यपालिका सदस्य श्री देवबहादुर पुँवार मगर

कार्यपालिका सदस्य श्री इन्द्रमाया बराइली

९. खाँदबारी नगरक्षेत्रभित्र प्रसारणलाइन निर्माण गरी विद्युत प्रसारण गर्ने संस्था/कम्पनीहरुले प्रसारणलाइन निर्माणको लागि जग्गा प्राप्ति/अधिग्रहण गर्दा टावर निर्माण हुनेस्थल तथा प्रसारणलाइनको RIGHT OF WAY मा पर्ने घडेरी जग्गाहरुको सम्बन्धमा पुरै कित्ता जग्गा प्राप्ति/अधिग्रहण गरी जग्गाधनीहरुलाई मूआब्जा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१०. खाँदबारी नगरपालिकाको वडा नं. ९ मुन्सीखोलादेखि वडा नं. ४ को छयाङ्कुटीसम्म उत्तर दक्षिण कोशी सडकको लगतकट्टासम्बन्धी कार्यको लागि नापी कार्यालयमा खटिई गएका कर्मचारीहरुको

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८१/०३/२१ बैठक संख्याः ४८

बैठक प्रारम्भ समयः दिनको २:०० बजे बैठक समापन समयः बजे

२०८१/०२/०१ देखि २०८१/०३/२० सम्मको खानाखाजा खर्च वापत् पेश भएको बील अनुसारको रकम रु. १,१६,३००।- भुक्तानी दिने साथै विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयको जग्गा प्राप्तिसम्बन्धी कार्य गरे वापत् लेखापढी व्यवसायीबाट पेश भएको बीलबमोजिमको रकम रु. १६,३२०।- भुक्तानी दिने ।

११. खाँदबारी नगरक्षेत्रभित्र हालैको बर्षात्ले आएको बाढीपहिरोको कारण अवरुद्ध भएका सडकहरु तत्काल मर्मतसम्भार गरी सवारीसाधन सञ्चालनयोग्य बनाउन उपलब्ध श्रोतसाधनको अधिकतम परिचालन गरी कार्यसञ्चालन गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

१२. खाँदबारी नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७४ को नियम १५ मा रहेको कार्यपालिकाको समिति गठनसम्बन्धमा समितिमा रहने संयोजक नगरप्रमुखले तोकेबमोजिम हुने व्यवस्था अनुसार नगरप्रमुखज्यूबाट आर्थिक विकास समिति संयोजकको कार्य गर्न कार्यपालिका सदस्य श्री डम्बरबहादुर कटुवाललाई तोकिएको जिम्मेवारी अनुमोदन गर्ने ।

१३. खाँदबारी नगरपालिका वडा नं. ९ को वडा कार्यालय भवन उद्घाटनको लागि आवश्यक बजेट व्यवस्थापन गरी २०८१ असार २९ गते वडा कार्यालय भवन उद्घाटन गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

दीपकमणि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत